# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


**मिति : २०८१।०२।१५**

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघको एसोसिएट संस्था नेपाल पत्रकार मञ्चका सदस्य बल्लभ भण्डारीको उपचारको क्रममा ललितपुरको जावलाखेलस्थित ब्लड अस्पतालमा ६० वर्षको उमेरमा निधन भएको दुःखद खबरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ ।

ब्लड क्यान्सरबाट पीडित भण्डारीको केही समयदेखि उक्त अस्पतालमा उपचारत भई रहेकोमा उपचारकै क्रममा जेठ १४ गते सोमबार निधन भएको हो । स्वर्गीय भण्डारीका श्रीमती र एक छोरी हुनुहुन्छ ।

झण्डै तीन दशकदेखि पत्रकारितामा सक्रिय भण्डारी पछिल्लो समय अन्तर्राष्ट्रिय मञ्चको प्रकाशन स्वास्थ्य सन्देश मासिकको सम्पादकका रूपमा कार्यरत हुनुहुथ्यो । भण्डारीको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक अनुभवी र कुशल पत्रकार गुमाउनुका साथै महासंघले सक्रिय सदस्य गुमाएको छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय भण्डारीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना प्रकट गर्दछ ।

**रोसन पुरी**
**महासचिव**


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org